आज मिति २०८२/०९/१८ गते शुक्रवारका दिन रुपनी गाउँपालिकाका अध्यक्ष श्री दिनेश कुमार यादव ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपसिलका उपस्थितिमा निर्णय भयो।

| सि.नं. | पदाधिकारिहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री दिनेश कुमार यादव | अध्यक्ष | |
| २. | श्री पुष्पा कुमारी श्रेष्ठ | सदस्य | |
| ३. | श्री लिला यादव | सदस्य | |
| ४. | श्री सरोज कुमार यादव | सदस्य | |
| ५. | श्री अमर मुखिया मलाह | सदस्य | |
| ६. | श्री छेदी ईसर | सदस्य | |
| ७. | श्री गंगाराम यादव | सदस्य | |
| ८. | श्री वद्री नारायण सरदार | सदस्य | |
| ९. | श्री मुकेश कुमार कर्ण | सदस्य | |
| १०. | श्री नविना खवास | सदस्य | |
| ११. | श्री अनार देवी पासमान | सदस्य | |
| १२. | श्री पुनम कुमारी रजक | सदस्य | |
| १३. | श्री राम कुमारी सदा | सदस्य | |
| १४. | श्री पुनिता कुमारी मण्डल | सदस्य | पुनिता |
| १५. | श्री राज कुमार सदा | नि.प्र.प्रशासकिय अ. | |

प्रस्तावहरु:

१. रिट निवेदक वैजु साह विपक्ष यस रुपनि गाउँपालिका समेत २०८२-WO-०३८० नं को परमादेश मुद्दामा उच्च अदालत जनकपुर राजविराज इजलासवाट जारिभएको १५ दिने म्याद मिति २०८२/९/२७ गतेमा म्याद तामेल भएको हुदा सो को लिखित जवाफ लगाउने सम्वन्धमा ।

२. रीट निवेदक असीया देवी तथा विपक्षा यस ग.पा.समेत भएको २०८१-WO-०८२१ नं तथा रीट निवेदक रामचन्द्र खडगा भए ०८१-WO-०८९१ नं को परमादेश मुदामा भएको फैसला कार्यान्वयन गर्नका लागी न्यायिक समितिको आदेश सम्वन्धमा ।

निर्णयहरु:

निर्णय नं. १,प्रस्ताव नं. १ माथि छलफल गर्दा रिट निवेदक वैजु साह विपक्ष यस रुपनि गाउँपालिका समेत २०८२-WO-०३८० नं को परमादेश रीटमा यस गा.पा.का.तर्फवाट लिखित जवाफ फिराउंन,तारेख लिन,तथा यस गा.पा.तथा वडा कार्यालय समेत माथी भविष्यमा पर्ने अन्य मुदा मामिला अन्तर्गत सप्तरी जिल्ला अदालतमा लिखित जवाफ,प्रतिउतरपतत्र तथा दायर गर्नु पर्ने फिराद पत्र तथा उच्च अदालत जनकपुर राजविराज इजलासमा लिखित जवाफ फिराउन तथा गर्नु पर्ने पुनरावेदन रिट निवेदन समेतका कार्यहरु तथा न्यायीक समिति समेत संचालन गर्न जिल्ला सप्तरी राजविराज स्थित ऊं नमःशिवाय कानुनी सेवा तथा परामर्स केन्द्रका प्रोप्राइटर राजविराज न.पा.वडा नं ६ वस्ने शंकर कुमार मिश्र लाइ जिम्मा दिने गरि निर्णय गरियो ।

निर्णय नं २, प्रस्ताव नं २ माथी छलफल गर्दा रीट निवेदक असीया देवीले उच्च अदालत जनकपुर राजविराज इजलासमा दायर गरेका परमादेश मुद्दामा परमादेशको आदेश जारी हुने ठहरी फैसला भएको कुरा सो फैसला वमोजिम रुख हंगाविगां काटन फैसला कार्यान्वयन सम्वन्धमा सम्वन्धित निकायसंग सहयोग समन्वय गर्न पहल गर्ने तथा रिट निवेदक रामचन्द्र खडगाले समेत दायर गरेको परमादेश मुद्दामा उच्च अदालत जनकपुर राजविराज इजलासले गरेको फैसला समेतको सन्दर्भमा उचित निकास दिनको लागी आवश्यक पहल गर्ने समेत निर्णय गरियो ।